# विपन्न, दलित, जनजाति र सीमान्तीकृत महिलाहरूका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम (सञ्चालन) मार्गदर्शन, २०७८

उद्यम/व्यवसाय गर्न चाहने विपन्न, दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तीकरणमा परेका महिलालाई उनीहरूको आवश्यकता, क्षमता र योग्यताका आधारमा सीप प्रदान गरी उद्यमी/व्यवसायी बनाउन सामाजिक विकास मन्त्रालयको आ.व. २०७८/७९ का लागि विनियोजन ऐनद्वारा स्वीकृत बजेटबाट कार्यक्रम सञ्चालन गर्न सामाजिक विकास मन्त्रालय योजना तथा कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७८ को दफा १२ बमोजिम सामाजिक विकास मन्त्रालयले यो मार्गदर्शन स्वीकृत गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

यस मार्गदर्शनको नाम "विपन्न, दलित, जनजाति र सीमान्तीकृत महिलाहरूका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम (सञ्चालन) मार्गदर्शन, २०७८" रहेको छ । यो मार्गदर्शन सामाजिक विकास मन्त्रालयले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

२. **कार्यक्रमको उद्देश्य**

विपन्न, दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तीकरणमा परेका महिलालाई समूहगत रूपमा सीप विकास तालिमका माध्यमबाट मूलतः कृषि तथा पशुपालन व्यवसायमार्फत आर्थिक सशक्तीकरण गर्दै आत्मनिर्भर बनाउने यस कार्यक्रमको उद्देश्य रहेको छ । यसका लागि कार्यक्रम सञ्चालन हुने स्थानीय तहले छनौट गरेको कुनै वडालाई केन्द्रित गर्दै लक्षित महिलाको छनौट गरी समूहगत रूपमा निःशुल्क व्यवसाय सम्बन्धी सीप विकास तालिम प्रदान गरिनेछ । तालिमको समाप्ती पश्चात सहभागी महिलाहरूले सम्बन्धित स्थानीय तहमा दर्ता गरेको समूहले पेश गरेको व्यावसायिक प्रस्तावको आधारमा समूहलाई बिउपूँजी सहायता रकम प्रदान गरी समूहगत रूपमा नै उद्यमशिलता प्रवर्द्धन गरिनेछ ।

३. **बजेट व्यवस्थापन**

सामाजिक विकास मन्त्रालय, सामाजिक विकास महाशाखा अन्तर्गत चालु आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ब.उ.सि.नं. ३५०००१०३, खर्च शीर्षक २२५२२ को क्रियाकलाप नं. २.७.५.४८ मा उल्लिखित विपन्न, दलित, जनजाति र सीमान्तीकृत महिलाहरूका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम (स्थानीय तहहरूसँगको साझेदारीमा) का लागि विनियोजित एक करोड रूपैयाँको बजेटलाई देहाय बमोजिम हुनेगरी व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गरिनेछः-

(१) तालिम सञ्चालनका लागि —प्रति स्थानीय तह एक लाख रूपैयाँ,

(२) महिला समूहलाई बिउँपूजी सहायताका लागि —प्रतिसमूह तीन लाख पचास हजार रूपैयाँ,

(३) अभिमूखीकरण कार्यक्रम सञ्चालन तथा कार्यक्रम कार्यान्वयन अनुगमनका लागि —दश लाख रूपैयाँ ।

४. **कार्यक्रम सञ्चालन हुने स्थान, तालिमको प्रकार र लक्षित समूह**

(१) अनुसूची-१ मा उल्लिखित स्थानीय तहमा सोही स्थानीय तहले छनौट गरेको कुनै वडाका आर्थिक रूपले विपन्न, दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तीकरणमा परेका महिलाहरूको सहभागितामा समूह बनाई कार्यक्रम सञ्चालन गरिने छ ।

(२) तालिमको प्रकार महिला समूहको माग तथा स्थानीय आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले सञ्चालन गरिरहेका सोही प्रकृतिका अन्य कार्यक्रमहरूसँग दोहोरो नपर्ने गरी सञ्चालन गर्नुपर्नेछ ।

५. **तालिमको अवधि**

यस मार्गदर्शन बमोजिम सञ्चालन गरिने सीप विकास तालिम कार्यक्रमको अवधि लक्षित समूहको माग र तालिमको प्रकृति हेरी न्यूनतम पाँच दिन देखि आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **तालिम सञ्चालन प्रकृया**

(१) तालिम कार्यक्रम सञ्चालन गर्न चालु आ.व. २०७८/७९ मा सामाजिक विकास मन्त्रालयका लागि विनियोजित बजेट वित्त हस्तान्तरणमार्फत प्रति स्थानीय तह एक लाख रूपैयाँ सम्बन्धित स्थानीय तहमा निकासा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकमबाट स्थानीय तहले एक समूहमा कम्तिमा दश जना महिलाको सहभागिता हुनेगरी अधिकतम दुई समूह बनाई तालिम सञ्चालन गर्नुपर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपयुक्तता र सहजताको आधारमा तालिममा सहभागी सबै महिलाको एउटै समूह बनाई समेत तालिम कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

७. **अभिमूखीकरण कार्यक्रम गरिने**

यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सामाजिक विकास मन्त्रालयले कार्यक्रम सञ्चालन हुने स्थानीय तहका सम्बन्धित व्यक्ति तथा पदाधिकारीको लागि अभिमूखीकरण कार्यक्रमको आयोजना गर्नेछ ।

८. **सहभागी छनौट विधि**

(१) कार्यक्रम सञ्चालन गरिने सम्बन्धित स्थानीय तहले कुनै एक वडामा समावेशीरूपमा सहभागिता हुने गरी तालिममा सहभागी हुने महिलाहरूको छनौट गर्नेछ । यस प्रयोजनका लागि सम्बन्धित

स्थानीय तहले विपन्न, दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तीकरणमा परेका महिलासँग सम्बन्धित सरोकारवाला संघ संस्थासँग समेत समन्वय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहभागी छनौट गर्दा एक परिवारबाट बढिमा दुई जनासम्म सहभागी छनौट गर्न सकिनेछ

## ९. सहभागी छनौटका आधारहरू

(१) तालिमको एउटा समूहमा कार्यक्रम सञ्चालन हुने स्थानीय तहले छनौट गरेका बिस (२०) जना विपन्न, दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तीकरणमा परेका महिलाहरूको सहभागिता हुनेछ ।

(२) सम्बन्धित स्थानीय तहले देहायको आधारमा समावेशीरूपमा सहभागिता हुने गरी तालिमका सहभागीको छनौट गर्नेछः-

- (क) नेपाली नागरिक,
- (ख) १८ वर्ष उमेर पूरा गरेका,
- (ग) आवश्यकता, चाहना र उद्यम/व्यवसायप्रतिको अभिरूची ।

## १०. समूह दर्ता वा स्थानीय तहसँग सम्झौता गर्नुपर्ने

(१) तालिमको समाप्तिपश्चात तालिममा सहभागी विपन्न, दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तीकरणमा परेका महिलाहरूले संयुक्तरूपमा सम्बन्धित स्थानीय तहमा उद्देश्य र कारण खुलाई समूह दर्ता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समूहमा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष एक-एक जना र अन्य बाँकी सदस्यको रूपमा रहनेछन् ।

(३) उपदफा (१) बमोजिम समूह दर्ता गर्ने प्रशासनिक व्यवस्था नभएका स्थानीय तहहरूको हकमा तालिमको समाप्तिपश्चात दफा ११ बमोजिमको व्यावसायिक प्रस्तावको स्वीकृतिपश्चात सोझै कार्यक्रम सञ्चालनका लागि समूहमा सम्मिलित व्यक्तिहरूको नामावली खुलाई सम्बन्धित स्थानीय तहसँग सम्झौता गर्न सकिनेछ ।

(४) उपदफा (१) र (२) बमोजिमको समूहमा तालिममा सहभागी भएका बिस जना महिलाहरूसँगै तालिममा सहभागी नभएका अन्य विपन्न, दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तीकरणमा परेका महिलाहरू पनि सदस्य बन्न सक्नेछन् ।

## ११. व्यावसायिक प्रस्ताव पेश गर्नुपर्ने

(१) यस मार्गदर्शन बमोजिमको तालिम प्राप्त गरेका महिलाहरूको समूहले देहायको कागजातहरू संलग्न गरी तालिम लिएको विषय सम्बद्ध व्यावसायिक प्रस्ताव सम्बन्धित स्थानीय तह समक्ष पेश गर्नुपर्नेछः-

(क) स्थानीय तहमा दर्ता भएको दर्ता प्रमाणपत्र (समूह दर्ता गर्ने प्रशासनिक व्यवस्था नभएका स्थानीय तहहरूको हकमा आवश्यक नपर्ने),

(ख) अनुसूची-२ को ढाँचा बमोजिमको विस्तृत विवरण सहितको व्यावसायिक प्रस्ताव ।

(२) व्यावसायिक प्रस्तावमा सामान्यतयाः देहायका कुराहरू खुलाउनुपर्नेछः-

(क) समूहको नाम, सदस्यहरूको नाम, ठेगाना, उमेर, शैक्षिक स्तर, व्यावसायिक अनुभव लगायतका कुराहरू समेटिएको संक्षिप्त विवरण,

(ख) व्यवसायको नाम, उद्देश्य, सञ्चालन गरिने स्थान,

(ग) लागत, लगानी स्रोत र अपेक्षित प्रतिफल,

(घ) प्रमुख क्रियाकलाप,

(ङ) कार्यान्वयनमा आवश्यक अनुमानित जनशक्ति,

(च) भावी योजना,

(छ) अन्य आवश्यक कुराहरू ।

## १२. <u>प्रस्तावको स्वीकृति र लागत सहभागिता</u>

(१) दफा ११ बमोजिम पेश भएको व्यावसायिक प्रस्तावको औचित्यपूर्ण जाँचबुझका आधारमा यस मार्गदर्शनको दफा १७ बमोजिमको कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सहजीकरण समितिको सिफारिसमा सम्बन्धित स्थानीय तहले स्वीकृत गर्नेछ ।

(२) स्वीकृत भएको व्यावसायिक प्रस्ताव कार्यान्वयनका लागि सामाजिक विकास मन्त्रालय, कार्यक्रम सञ्चालन हुने स्थानीय तह र सहभागी विपन्न, दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तीकरणमा परेका महिलाहरूको समूहगत रूपमा प्रति समूह देहाय बमोजिमको संयुक्त लागत सहभागिता रहनेछः-

(क) सामाजिक विकास मन्त्रालय — रु. ३,५०,०००।— (तीन लाख पचास हजार रुपैयाँ),

(ख) सम्बन्धित स्थानीय तह — रू. १,००,००० (एक लाख रूपैयाँ),

(ग) सहभागी महिला समूह- प्रति सदस्य कम्तिमा रू. ५,००० (पाँच हजार रूपैयाँ) ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम समूहका सदस्यहरूले दुई हजार पाँच सय रूपैयाँका दरले तीन महिनाको अन्तर राखी दुई किस्ता गरी लागत बहन गर्न सक्नेछन् ।

## १३. <u>भुक्तानी प्रक्रिया</u>

(१) समूहले पेश गरेको व्यावसायिक प्रस्ताव सम्बन्धित स्थानीय तहबाट स्वीकृति भए पश्चात दफा १२ को उपदफा (२) को (क) र (ख) बमोजिमको न्यूनतम रकम रू. ४,५०,००० (चार

लाख पचास हजार रूपैयाँ) बिउपूँजी सहायताबापत एकमुष्ट रूपमा समूहको नामको बैंक तथा वित्तीय संस्थामा रहेको खातामा सम्बन्धित स्थानीय तहले उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम रकम प्राप्त गरिसकेपछि दफा १२ को उपदफा (२)(ग) बमोजिमको रकमको पहिलो किस्ता समेत समूहले एकमुष्ट रूपमा थप गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम रकम हस्तान्तरण गर्दा अनुसूची-३ बमोजिमको ढाँचामा स्थानीय तह र समूहबीच सम्झौता गर्नुपर्नेछ र स्थानीय तहले उक्त सम्झौताको एक प्रतिसहित सो को जानकारी मन्त्रालयलाई गराउनु पर्नेछ ।

१४. <u>खाता सञ्चालन विधि</u>

स्वीकृत भएको व्यावसायिक प्रस्ताव कार्यान्वयन गर्नका लागि प्राप्त रकम एकीकृत गरी समूहद्वारा बैंक वा वित्तीय संस्थामा खोलिएको खाताको सञ्चालन समूहको अध्यक्ष तथा कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ ।

१५. <u>लेखा परीक्षण सम्बन्धी व्यवस्था</u>

यस कार्यक्रम बमोजिम खर्च भएको रकमको लेखा परीक्षण स्थानीय तहले प्रचलित कानून बमोजिम गर्नु गराउनु पर्नेछ ।

१६. <u>बिमा गराउनुपर्ने</u>

(१) समूहले सञ्चालन गरेको व्यवसायको स्थानीय तहसँग समन्वय गरी आवश्यकता अनुसार बिमा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको बिमाको बिमा शुल्कबापतको रकम सम्बन्धित स्थानीय तहले समूहलाई उपलब्ध गराउनु पर्नेछ ।

१७. <u>कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सहजीकरण समितिको गठन र काम, कर्तव्य तथा अधिकार</u>

(१) कार्यक्रम सञ्चालन भएको स्थानीय तहमा उक्त कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय तथा कार्यक्रमको अनुगमन समेत गर्नका लागि देहाय बमोजिमको एक कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सहजीकरण समिति रहनेछः-

(क) स्थानीय तहका उपप्रमुख/उपाध्यक्ष —संयोजक

(ख) सम्बन्धित वडाका वडा अध्यक्ष —सदस्य

(ग) सम्बन्धित वडाका महिला र दलित महिला सदस्य दुईजना —सदस्य

(घ) स्थानीय तहका योजना शाखाका प्रमुख —सदस्य

(ङ) स्थानीय तहमा रहेका विपन्न, दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तीकरणमा परेका महिला सम्बद्ध संघसंस्था वा विपन्न, दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तीकरणमा

परेका महिलाका प्रतिनिधिमध्ये समितिले मनोनयन गरेको एकजना —सदस्य

(च) स्थानीय तहका सामाजिक विकास/महिला बालबालिका शाखा प्रमुख —सदस्य-सचिव

(२) कार्यक्रम सञ्चालन भएको स्थानीय तहका प्रमुख दफा (१) बमोजिमको समितिको संरक्षक हुनेछ ।

(३) कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सहजीकरण समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा ११ बमोजिम समूहबाट पेश भएको व्यावसायिक प्रस्तावको औचित्यपूर्ण जाँचबुझ गरी स्वीकृतिका लागि स्थानीय तह समक्ष सिफारिस गर्ने,

(ख) सञ्चालित कार्यक्रम कार्यान्वयन सम्बन्धमा अनुगमन, सहयोग, समन्वय र सहजीकरण गर्ने,

(ग) कार्यक्रम सम्पन्न भए पश्चात सहभागी महिलाहरू रोजगार वा स्वरोजगार भए/नभएको जानकारी लिई अभिलेख राख्ने,

(घ) व्यवसाय सञ्चालन गर्न समूहमा उपलब्ध गराएको रकमको सहि प्रयोग भए/नभएको अनुगमन गर्ने ।

१८. <u>अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन</u>

(१) कार्यक्रमको प्रभावकारिताका लागि दफा १७ बमोजिमको समितिका अतिरिक्त सामाजिक विकास मन्त्रालय तथा सम्बन्धित स्थानीय तहबाट समेत अनुगमन गरिनेछ ।

(२) समूहले सम्झौता बमोजिम भए गरेका कार्यहरूको प्रगति प्रतिवेदन सम्बन्धित स्थानीय तह समक्ष पेश गर्नुपर्नेछ । सम्बन्धित स्थानीय तहले उक्त प्रतिवेदनको प्रतिलिपि सामाजिक विकास मन्त्रालयलाई समेत पठाउनु पर्नेछ । यसरी पेश गरिने प्रगति प्रतिवेदनको ढाँचा अनुसूची-४ बमोजिम हुनेछ ।

(३) कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सहजीकरण समितिले गरेको अनुगमनका आधारमा समितिका सदस्य-सचिवले स्थानीय तहमार्फत अर्धवार्षिक रूपमा सामाजिक विकास मन्त्रालय समक्ष अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेछ ।

१९. <u>रकम फिर्ता गर्नुपर्ने</u>

समूहले व्यवसाय सुरू गरेको दोश्रो वर्षबाट यस कार्यक्रमबाट प्राप्त बिउपूँजी रकम चार लाख पचास हजार रूपैयाँको पाँच प्रतिशतका दरले हुन आउने रकम बाइस हजार पाँच सय रूपैयाँ प्रतिवर्ष सम्बन्धित स्थानीय तहको राजस्व खातामा पाँच वर्षसम्म जम्मा गर्नुपर्नेछ ।

२०. <u>उत्कृष्ट समूहलाई प्रोत्साहन र सम्मान गरिने</u>

यस कार्यक्रम बमोजिम गठन गरिएको समूहहरू मध्ये वार्षिक मूल्याङ्कनका आधारमा उत्कृष्ट रूपमा व्यवसाय सञ्चालन गर्ने तीन समूहलाई सामाजिक विकास मन्त्रालयबाट प्रोत्साहन तथा सम्मान गरिनेछ ।

२१. <u>उद्यमशिलता विकास तथा वित्तीय पहुँच</u>

कार्यक्रम बमोजिम समूहले सञ्चालन गरेको व्यवसायको विकास, प्रोत्साहन तथा विस्तारका लागि आगामी आर्थिक वर्षहरूको कार्यक्रममा उद्यमशिलता विकास र वित्तीय पहुँचका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

## अनुसूची-१

### (दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**कार्यक्रम सञ्चालन हुने प्रदेश नं. १ का स्थानीय तहहरू**

| क्र.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| १. | ताप्लेजुङ्ग | मेरिङदेन गाउँपालिका<br>पाथीभरा याङवरक गाउँपालिका |
| २. | पाँचथर | फाल्गुनन्द गाउँपालिका |
| ३. | इलाम | चुलाचुली गाउँपालिका |
| ४. | झापा | शिवसताक्षी नगरपालिका<br>झापा गाउँपालिका |
| ५. | संखुवासभा | खाँदवारी नगरपालिका |
| ६. | भोजपुर | षडानन्द नगरपालिका |
| ७. | तेह्रथुम | आठराई गाउँपालिका |
| ८. | धनकुटा | साँगुरीगढी गाउँपालिका |
| ९. | मोरङ्ग | सुनवर्षी नगरपालिका<br>जहदा गाउँपालिका<br>धनपालथान गाउँपालिका |
| १०. | सुनसरी | देवानगञ्ज गाउँपालिका<br>हरिनगरा गाउँपालिका<br>भोक्राहा नरसिंह गाउँपालिका |
| ११. | सोलुखुम्बु | सोलुदुधकुण्ड नगरपालिका |
| १२. | खोटाङ्ग | दिप्रुङ चुइचुम्मा गाउँपालिका |
| १३. | ओखलढुङ्गा | मोलुङ गाउँपालिका |
| १४. | उदयपुर | रौतामाई गाउँपालिका |

अनुसूची-२

(दफा ११ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

<u>व्यावसायिक प्रस्तावको ढाँचा</u>

## ............. व्यवसाय सञ्चालन गर्ने सम्बन्धमा

## श्री ............... पालिकासमक्ष

## पेश गरिएको

## .........सम्बन्धी व्यवसायको

# व्यावसायिक प्रस्ताव

<u>प्रस्ताव पेश गर्ने</u>

....... महिला समूह

...... पालिका, वडा नं. ...

१. समूहको नाम तथा ठेगाना : .....................

२. सदस्यहरूको सामान्य परिचय :

| सि.नं. | नामथर | ठेगाना | उमेर | शैक्षिक योग्यता | हालको पेशा | यसअघि गरेको कुनै व्यावसायिक कामको अनुभव भए उल्लेख गर्ने |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३. व्यवसायको नाम :

४. व्यवसायको उद्देश्य :

५. व्यवसाय सञ्चालन गरिने स्थान :

६. व्यवसायको अनुमानित लागत :

७. व्यवसायमा गरिने लगानीको श्रोत :

(क) प्रदेश र स्थानीय तहबाट अपेक्षा गरिएको रकम :

(ख) सदस्यहरूबाट संकलित रकम :

८. व्यवसाय सञ्चालनका क्रममा गरिने प्रमुख क्रियाकलाप : (व्यवसायमा गरिने मुख्य-मुख्य कार्यहरू उल्लेख गर्ने। जस्तै : बाख्रापालन व्यवसायको लागि बाख्रा खरिद, खोरको निर्माण, दानाको लागि आवश्यक कच्चा सामग्रीको खरिद, बिक्रीवितरण गरिने स्थान वा पक्ष आदि)

९. अपेक्षित प्रतिफल : (वार्षिक रूपमा के-कति मूनाफा आर्जन गर्न सकिन्छ तथा सो मूनाफाबाट के कति समयभित्रमा लगानी उठाउन सकिन्छ आदि उल्लेख गर्ने)

१०. कार्यान्वयनमा आवश्यक पर्ने अनुमानित जनशक्ति : (आवधिक र पूर्णकालीन रूपमा रोजगारी प्राप्त गर्नसक्ने आवश्यक कर्मचारी वा जनशक्तिको संख्या उल्लेख गर्ने)

११. भावी योजना : (भविष्यमा गरिने अन्य कुनै व्यावसायिक योजना भए सो समेत उल्लेख गर्ने)

१२. अन्य कुराहरू : (अन्य कुराहरू भए उल्लेख गर्ने)

## अनुसूची-३
### (दफा १३ को उपदफा (३) सँग सम्बन्धित)

### <u>सम्झौता-पत्रको ढाँचा</u>

## ..........पालिका र ......... समूह ....... बीच
## ........ व्यवसाय सञ्चालन गर्ने सम्बन्धमा भएको
## <u>सम्झौता-पत्र</u>

आज मिति ......... गतेका दिन ....मा ...........पालिका (यसपछि "पालिका" भनिएको) र ..... महिला समूह, ....... (यसपछि "समूह" भनिएको) बीच सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १ बाट जारी गरिएको विपन्न, दलित, जनजाति र सीमान्तीकृत महिलाहरूका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम (सञ्चालन) मार्गदर्शन, २०७८ (यसपछि "मार्गदर्शन" भनिएको) बमोजिम तपसिलका शर्तहरूको अधीनमा रही ...... पालिका (यसपछि "पालिका" भनिएको) को वडा नं. ... मा ............. व्यवसाय सञ्चालन गर्न मन्जुर भई यो सम्झौता गरी एक/एक प्रति एक आपसमा बुझिलियौं दियौं ।

### <u>सम्झौताका शर्तहरू</u>

१. समूहले मार्गदर्शन बमोजिम पालिकाको वडा नं. ... लाई कार्यक्षेत्र बनाई ..... सम्बन्धी व्यवसाय सञ्चालन गर्नेछ ।

२. व्यवसाय सञ्चालन गर्न सामाजिक विकास मन्त्रालयबाट प्राप्त समेत गरी बिउपूँजी सहायताबापत पालिकाले समूहको नामको बैंक वा वित्तीय संस्थामा रहेको खातामा रु. ..... (...... रूपैयाँ) रकम उपलब्ध गराउनेछ ।

३. समूहका सदस्यले बहन गर्नुपर्ने प्रतिव्यक्ति रू. ५,०००।— (पाँच हजार रूपैयाँ) लागत रकममध्ये पहिलो र दोश्रो किस्ता गरी तीन महिनाको फरकमा प्रतिव्यक्ति रू. २,५००।— (दुई हजार पाँचसय) का दरले बैंक वा वित्तीय संस्थामा रहेको समूहको खातामा समूहका हरेक सदस्यले जम्मा गर्नेछन् ।

४. मार्गदर्शन बमोजिम समूहले पेश गरेको व्यावसायिक प्रस्ताव बमोजिमको क्रियाकलाप तथा खर्चको विवरण अनुसार रकम खर्च गर्ने व्यवस्था समूहले गर्नेछ ।

५. समूहले सञ्चालन गरेको व्यवसाय प्रत्यक्ष रूपमा पालिका तथा कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सहजीकरण समितिको अनुगमनमा सञ्चालन हुनेछ ।

६. व्यवसाय सञ्चालन गर्नका लागि समूहले सामूहिक वा आवश्यकता अनुसार विपन्न, दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तीकरणमा परेका महिलाहरूको समूह वा भूगोल अनुसार एकल रूपमा समेत

बनाई सञ्चालन गर्ने सम्बन्धमा पालिकासँग समन्वय गरी समूहको निर्णयानुसार गर्नेछ । समूहको यस्तो निर्णयको एक प्रति समूहले पालिकामा पठाउनेछ ।

७. समूहले प्राप्त बिउपूँजी बापतको रकमबाट व्यवसाय सुरू गरेको दोश्रो वर्षदेखि प्रतिवर्ष पाँच प्रतिशतका दरले हुनआउने रू. २२,५००।— (बाइस हजार पाँचसय रूपैयाँ) रकम पाँच वर्षसम्म पालिकाको राजस्व खातामा रकम जम्मा गर्नेछ ।

८. समूहले व्यवसायवाट आर्जन गरेको नाफाको १० प्रतिशत रकम समूहकै हितकोषमा जम्मा गर्नेछ । हितकोष परिचालनको कार्यविधि समूह स्वयंले निर्माण गरी प्रयोग गर्नेछ । समूहले यसको जानकारी पालिकालाई समेत दिनेछ ।

९. समूहले यस सम्झौता बमोजिम सञ्चालन गरेको व्यवसायको आवश्यकता अनुसार पालिकासँग समन्वय गरी बिमा गराउनेछ । यसरी गरिएको बिमाको बिमा शुल्कबापतको रकम पालिकाले समूहलाई उपलब्ध गराउनेछ ।

१०. समूहले सञ्चालन गरेको व्यवसायको कार्यान्वयनको अवस्थाबारे सामाजिक विकास मन्त्रालय, पालिकामा रहेको कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सहजीकरण समिति र पालिकाबाट गरिने नियमित अनुगमनका क्रममा समूहले मार्गदर्शन तथा सम्झौता बमोजिम व्यवसाय सञ्चालन नगरेको पाइएमा तथा उद्देश्यमूलक ढंगले रकमको प्रयोग गरेको नपाइएमा समूहको दर्ता खारेज गरी सरकारी बाँकी सरह रकमको असुल उपर गरिनेछ ।

११. यो सम्झौता आजैका मितिबाट प्रारम्भ हुनेछ ।

१२. यो सम्झौतामा लेखिएका कुरा यसै बमोजिम तथा अन्य कुराहरू मार्गदर्शन तथा प्रचलित कानून बमोजिम हुनेछ ।

यो कार्यक्रम सञ्चालन गर्नका लागि हामी दुवै पक्ष सहमत छौं र यस सम्झौतामा लेखिएका सर्तहरूको पालना दुवै पक्षबाट जिम्मेवारीपूर्वक गर्नेछौं भनी सहिछाप गर्ने,-

**<u>समूहको तर्फबाट</u>**

हस्ताक्षरः

नामथरः

पदः

मितिः

**<u>पालिकाको तर्फबाट</u>**

हस्ताक्षरः

नामथरः

पदः

कार्यालयः

मितिः

## <u>सम्झौतासाथ संलग्न गर्नुपर्ने समूहका सदस्यहरूको नामावली विवरण</u>

समूहको नाम र ठेगानाः-   .......................

| क्र.सं. | पद | नामथर | ठेगाना | उमेर |
| --- | --- | --- | --- | --- |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची-४
## (दफा १८ को उपदफा (२) सँग सम्बन्धित)

## प्रगति प्रतिवेदनको ढाँचा

**सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १ द्वारा जारी गरिएको विपन्न, दलित, जनजाति र सीमान्तीकृत महिलाहरूका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम (सञ्चालन) मार्गदर्शन, २०७८ बमोजिम .......समूहद्वारा सञ्चालित ....... व्यवसायको सम्बन्धमा .... पालिका समक्ष पेश गरिएको**

**प्रगति प्रतिवेदन**

१. समूहको नाम तथा ठेगाना : ......................

२. सदस्यहरूको सामान्य परिचय :

| सि.नं. | नामथर | ठेगाना | उमेर | शैक्षिक योग्यता | यसअघि गरेको कुनै व्यावसायिक कामको अनुभव भए उल्लेख गर्ने |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

३. व्यवसायको नाम :

४. व्यवसायको उद्देश्य :

५. व्यवसाय सञ्चालन गरिएको स्थान :

६. व्यवसायको लागत :

७. व्यवसायको हालको चल अचल सम्पत्तिको अवस्था : (सबै चल अचल सम्पत्तिको विवरण उल्लेख गर्ने)

८. व्यवसायमा प्रयोग गरिएको जग्गाको क्षेत्रफल :

९. व्यवसायमा प्रयोग गरिएको भवन सम्बन्धमा :

(क) आफ्नै : (आफ्नै भए प्रासिको श्रोत उल्लेख गर्ने)

(ख) भाडामा : (भाडामा भए भाडाको दररेट प्रतिमहिना उल्लेख गर्ने)

१०. व्यवसायमा गरिएको लगानीको श्रोत :

(क) सामाजिक विकास मन्त्रालयबाट प्राप्त रकम :

(ख) स्थानीय तहबाट प्राप्त रकम :

(ग) सदस्यहरूबाट संकलित रकम :

(घ) अन्य श्रोतबाट प्राप्त रकम (भएमा श्रोत समेत खुलाउने):

११. व्यवसाय सञ्चालनका क्रममा गरिएका क्रियाकलापमा भएको खर्चहरू: (व्यवसायमा गरिने मूख्य-मूख्य कार्यहरूमा भएका खर्चहरू क्रमैसँग उल्लेख गर्ने। जस्तै: बाख्रापालन व्यवसायको लागि बाख्रा खरिद, खोरको निर्माण, दानाको लागि आवश्यक कच्चा सामग्रीको खरिद आदि कार्यका लागि भएको खर्च)

१२. कुल नाफा/नोक्सान:

१३. जनशक्ति: (आवधिक र पूर्णकालीन रूपमा रोजगारीमा रहेका कर्मचारी वा जनशक्तिको पद र संख्या उल्लेख गर्ने)

१४. भावी योजना: (भविष्यमा गरिने अन्य कुनै व्यावसायिक योजना भए सो समेत उल्लेख गर्ने)

१५. अन्य कुराहरू: (अन्य कुराहरू भए उल्लेख गर्ने)

**प्रतिवेदक**

**........ महिला समूहको तर्फबाट**

अध्यक्ष : ..............................

हस्ताक्षर:

मिति: